माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल चैत्र २५ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो**

**प्रस्तावहरु**

१. सूचना आव्हान सम्बन्धमा ।
२. सुधारिएको चुलो प्रविधी जडान सम्बन्धमा ।
३. टोल विकास संस्था गठन कार्यविधि, २०७७ ।
४. फोहरमैला ब्यवस्थापन कार्यविधि, २०७७ ।
५. जस्तापाता खरिद सम्बन्धमा ।
६. सेवा प्रवाह सम्बन्धमा ।
७. राहत सम्बन्धमा ।
८. पाइप खरिद सम्बन्धमा ।
९. कार्यविधि सम्बन्धमा ।
१०. समीक्षा सम्बन्धमा ।
११. कार्य संचालन निर्देशिका, २०७७ ।
१२. विधान मस्यौदा उप समिति निर्माण सम्बन्धमा ।
१३. स्थानीय तह संस्थागत क्षमता स्व.मूल्याङ्कन अनुमोदन सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस आ.व. २०७७/०७८ मा नेपाल सरकार सर्सत अनुदान तर्फ वायोग्यास जडानमा रु. २ लाख रकम विनियोजित भएकोमा कम्तीमा १० जना लाभग्राहीहरुलाई रु. २०,०००।- का दरले दिने निर्णय गरियो ।
निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत रहेका दलित, अति गरिब बर्गमा रहेका घर परिवारलाई सुधारिएको चुलो जडान गर्ने निर्णय गरियो ।
निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा माण्डवी गाउँपालिका सबै वडाहरुमा टोल विकास संस्था गठन गर्नको लागि टोल विकास संस्था गठन कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।
निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको फोहोरमैला ब्यवस्थापन कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो । साथै फोहोर मैला ब्यवस्थापनका निम्ति एक जना कर्मचारी राख्ने र सोको विज्ञापन गर्ने निर्णय गरियो, कर्मचारीको तलब भत्ता फोहोरमैला ब्यस्थापन शिर्षकबाट ब्यहोर्ने गरि निर्णय गरियो ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को दोश्रो गाउँसभाबाट विनियोजित जस्तापाता खरिद कार्यक्रमलाई वोलपत्र आव्हान गरि प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गरी माण्डवी गाउँपालिका र अन्तर्गतका वडा कार्यालयबाट प्रदान गर्ने सेवाहरुका सन्दर्भमा जनतालाइ छिटो छरितो जनमुखि भई सम्पादन गर्नुपर्ने सेवा प्रवाह गर्दा सेवा प्रवाहका वैकल्पिक विधीहरु टोकन प्रणाली,कम्प्यूटर विलिङ र अनलाईन रजिष्ट्रेसनलाई प्रभावकारी ढंगले उपयोग गरि पारदर्शी र जवाफदेही प्रवद्धनमा जोड दिने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलपल गर्दा माण्डवी गाउँपालिका वडा नं. ४ बस्ने बोमा राना र रुकुमा रानाको घर गोठ जली नष्ठ भएको भनी वडा कार्यालयको सिफारिस,प्रहरी मुचुल्का समेतका सिफारिसमा जनही १५,०००।- का दरले भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाको लागि यस आ.व. मा पाईप खरिदको लागी शिलबन्दि कोटेशन मार्फत खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा माण्डवी गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने अति गरिब, दलित, एंव सीमान्तकृत वर्गलाई गाउँपालिकाबाट सहुलियत पुर्ण ऋण प्रवाह गर्नको लागि बनेको कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा गत कार्यपालिकाको निर्णय भए बमोजिमका निर्णयहरुको आवश्यक कार्यान्वयन बारे व्यापक रुपमा छलफल गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको कार्य संचालन निर्देशिका आवश्यक संशोधन सहित पारीत गरियो ।

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा रहेको विधान मस्यौदा समिती लाई सहयोग गर्नको लागि ३ सदस्यिय विधान मस्यौदा समिती उप समिती तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

- महेश के.सी अधिकृत छैठौ संयोजक
- अनिल अधिकारी सूचना प्रविधि अधिकृत सदस्य
- मित्रमणि पौडेल आ.ले.प सदस्य

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन अंक ५८.लाई अनुमोदन गर्ने निर्णय गरियो । साथै स्व. मूल्याङ्कनलाई जिल्ला समन्वय समितिको कार्यालय,प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्व.मूल्याङ्कनको प्रमाणित प्रति पठाउने र आगामी आ.व.मा स्थानीय तहको संस्थागत क्षमता स्व.मूल्याङ्कनका लागी कार्य योजना तपशिल बमोजिम बनाउने निर्णय गरियो ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत